नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.:-

# विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विमानस्थलको सुरक्षा प्रबन्ध र सरकारले चाल्नुपर्ने कदमका विषयमा छलफल भएको छ ।

विभिन्न निकायका सम्बन्धित पदाधिकारीको सहभागिता रहेको उक्त छलफललाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले विमानस्थलको सुरक्षा प्रबन्ध व्यवस्थित गर्न ठोस कदम चाल्नुपर्ने र राष्ट्रिय सुरक्षाको पहिलो ढोकाको रूपमा रहेको त्रिभुवन विमानस्थलको समग्र व्यवस्थापन र सुरक्षा व्यवस्था चुस्त बनाउन निर्देशन दिनुभयो ।

यसै सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले विगतका कमीकमजोरीको समीक्षा गर्दै आगामी दिनमा सोच, संरचना, कार्यविभाजन र कार्यशैलीमा सुधार गर्न छिट्टै विज्ञहरू र सरोकारवाला निकाय तथा कार्यालयका प्रतिनिधि रहेको कार्यदल बनाइने र उक्त कार्यदलले दिएका सुझावको आधारमा विमानस्थलको सुरक्षा प्रबन्धलाई व्यवस्थित र विश्वसनीय बनाउनुपर्ने विचार व्यक्त गर्नु भयो ।

छलफलको क्रममा विभिन्न निकायका पदाधिकारी लगायत सरोकारवालाहरूले विमानस्थल सुरक्षा प्रबन्धका विषयमा आ–आफ्नो धारणा राख्नु भएको थियो ।

२०८० साल साउन ३२ गते, बिहिबार ।

(नारायण प्रसाद भट्ट)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल